कम्पनीको कुल जारी पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) को ३० प्रतिशतले हुन आउने रु.३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब रुपैयाँ मात्र) रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका ३,००,००,००० कित्ता साधारण शेयरमा प्रिमियम वापत रु.१०६/- थप गरी प्रति शेयर रु.२०६/- अंकित दरले हुन आउने रु.६,१८,००,००,०००/- (अक्षरेपी छ अर्ब अठार करोड रुपैयाँ मात्र) सर्वसाधारणमा निष्काशनको लागि छुट्याईएको छ । सो मध्येबाट २ प्रतिशत अर्थात् ६,००,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई सुरक्षित गरिएको र १० प्रतिशत अर्थात् ३०,००,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई तथा ५ प्रतिशत अर्थात् १५,००,००० कित्ता शेयर सामूहिक लगानी कोषलाई बाँडफाँड गरी बाँकी रहेको २,४९,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या	: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या	: ३,००,००० कित्ता

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल बीमा प्राधिकरणबाट प्रिमियममा प्रारम्भिक सार्वजनिक निष्काशन गर्न प्रदान भएको सैद्धान्तिक स्वीकृति प्राप्त मिति : २०८०/०५/२५
नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०७/०१ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०७/०१
नेपाल बीमा प्राधिकरणमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०७/०१

हिमालयन रि

HIMALAYAN RE

हिमालयन रिइन्स्योरेन्स लिमिटेड
Himalayan Re-insurance Limited

रजिष्टर्ड कार्यालय : वडा नं. १, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : ललिता भवन, महाराजगञ्ज, काठमाडौं
फोन नं.: ०१-४००३१२२, ४००३१२३, ४५४३४३२
इमेल: contactus@himalayanre.com, वेबसाइट: www.himalayanre.com

आह्वान-पत्र

(प्रथम पटक प्रकाशित मिति: २०८० कार्तिक ३ गतेको कारोबार दैनिक)

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

विवरण	वास्तविक		अपरिष्कृत २०८० आषाढ मसान्तसम्म	प्रक्षेपित		
	आ.व. ०७७/७८	आ.व. ०७८/७९		आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३
प्रति शेयर नेटवर्थ (रु.)	१००.१३	१०३.०७	११०.९२	१४९.७१	१६५.२३	१८८.०९
प्रति शेयर आम्दानी (रु.)	०.१३	४.१७	६.३२	१०.२६	१५.५२	२२.८६
संचित नाफा/नोक्सान (रु. हजारमा)	९,४२४	२९२,१०८	४४२,४३१	१,०२६,४६३	१,५५२,१००	२,२८६,१८९

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति	: २०८०/०८/२७ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८०/०९/०१ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८०/०९/११ (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१०६/- थप गरी प्रति शेयर रु.२०६/- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८०/०३/१८ मा "[ICRANP-IR]A-" (Pronounced ICRA NP Issuer Rating A) प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR]A-" ले Adequate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR]D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । सो रेटिङ्गको वैद्यता अवधि मिति २०८१/०३/१७ सम्म रहनेछ ।

१. कम्पनीको नाम : हिमालयन रिइन्स्योरेन्स लिमिटेड (Himalayan Reinsurance Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १, नक्सालमा रहेको छ ।

४. कारोबार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोबार स्थान बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, महाराजगञ्जमा रहेको छ र आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायबाट स्वीकृति लिई स्वदेशमा कर्पोरेट क्षेत्रिय र शाखा कार्यालयहरु तथा विदेशमा शाखा कार्यालयहरु स्थापना गर्न सकेछ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :

नेपालमा बीमा क्षेत्रलाई नेपाल सरकारको स्वामित्वमा रहेको एकमात्र पुनर्बीमा कम्पनीले सेवा दिँदै आएको थियो । बजारमा अझ बढी क्षमता प्रदान गर्न र पुनर्बीमा प्रिमियमको आधारमा बहुमूल्य विदेशी मुद्राको प्रवाहलाई रोक्नको लागि देशमा थप एक पुनर्बीमा कम्पनीको आवश्यकता र अवसर रहेको महसुस भएकाले बीमा नियामक, तत्कालिन बीमा समितिले नेपालमा दोश्रो पुनर्बीमा कम्पनी स्थापना गर्न अभिव्यक्तको आव्हान गरिएकोमा यस हिमालयन रिइन्स्योरेन्स लिमिटेडले समान उद्देश्यको कम्पनी खोल्नका लागि आशयपत्र (Letter of Intent) प्राप्त गरी कम्पनी ऐन, २०६३ बमोजिम तत्कालिन बीमा ऐन, २०४९ बीमा नियमावली, २०४९ तथा प्रचलित कानूनको अधिनमा रही मिति २०७८/०२/२३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७८/०३/३१ मा तत्कालिन बीमा समितिबाट बीमा व्यावसाय कारोबार गर्न इजाजत प्राप्त गरी संचालनमा रहेको छ । बीमा कम्पनीहरुलाई पुनर्बीमाका अधिकांश आवश्यकताहरु देशभित्र नै पूरा गरी देशका लागि विदेशी मुद्रा बचत गर्न मद्दत पुऱ्याउने उद्देश्यका साथ यस कम्पनीले नेपाल बाहिरका बीमा कम्पनीहरुबाट समेत पुनर्बीमा व्यवसाय भित्र्याउने र पुनर्बीमाको माध्यमबाट पुनर्बीमा सम्बन्धी सुविधा प्रदान गरी आर्थिक विकासमा सहयोग पुऱ्याउने मुख्य उद्देश्य भएको यस कम्पनीको प्रबन्धपत्रको दफा ४ मा देहाय बमोजिमका उद्देश्यहरु रहेका छन् :

१. प्रचलित कानूनको अधिनमा रही पुनर्बीमा तथा बीमा व्यवसाय गर्ने,
२. विभिन्न जोखिम समूहको बीमा, पुनर्बीमा तथा दावी भुक्तानी व्यवस्था मिलाउन गठन हुने बीमा पुल (सामूहिकीकरण) को स्थापना तथा व्यवस्थापन गर्ने गराउने,
३. पुनर्बीमा तथा बीमा व्यवसायबाट प्राप्त हुन आउने पुनर्बीमा तथा बीमा शुल्कबाट सिर्जित बीमा कोषमा जम्मा हुने रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्ने,
४. विभिन्न कम्पनीहरुको संस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने,
५. स्वदेशी तथा विदेशी बीमकहरुले गरेको बीमा तथा पुनर्बीमा व्यवसायको आफूले ग्रहण गरेको बीमा तथा पुनर्बीमामा आफूले धारण गर्ने भन्दा बढी जोखिम रकम पुनर्बीमा (रेट्रोसेसन) गराउने,
६. सम्बन्धित निकायको स्वीकृति लिई स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग आवश्यकता अनुसार पुनर्बीमा ब्रोकरहरुको सेवा लिई वा सोभै संयुक्त रुपमा वा छुट्टाछुट्टै पुनर्बीमा गर्ने गराउने,
७. शेयर पूँजी, पुनर्बीमा तथा बीमा शुल्क, ब्याज र अन्य आय वापत प्राप्त रकम विभिन्न चल तथा अचल सम्पत्तिमा लगानी गर्ने, बिक्री गर्ने तथा यस्तै प्रकारका व्यवसाय गर्ने, अन्य सहायक कम्पनी स्थापना गर्ने,
८. आफूले ग्रहण गरेको पुनर्बीमा तथा बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएका दावी एवं व्यवस्थापन गरेका बीमा कोष अन्तर्गत उत्पन्न हुने दावी भुक्तानी सम्बन्धी कार्य गर्ने,
९. बीमकहरुले गरेको बीमा व्यवसाय अन्तर्गतको प्रत्यक्ष हिस्सा (डाइरेक्ट सेसन) ग्रहण गर्ने,
१०. पुनर्बीमा तथा बीमा क्षेत्रका विभिन्न विषय तथा जोखिम समूहहरुको पहिचान, विश्लेषण, मापन, अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने,
११. पुनर्बीमा तथा बीमा सम्बन्धी विषयहरुमा आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कार्यशाला, गोष्ठी, सेमीनार, तालीम संचालन गर्ने गराउने,
१२. प्रचलित कानूनको अधिनमा रही कम्पनीमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गर्ने तथा संयुक्त लगानी सम्झौता (ज्वाइन्ट भेन्चर एग्रिमेन्ट) गर्ने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. यस कम्पनीको जारी पूँजी १० अर्ब मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुसार जारी पूँजीको ३० प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याईएकोले यस समूहको लागि छुट्याईएको ३० प्रतिशत अर्थात रु.३,००,००,००,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरमा प्रिमियम रु.१०६/- थप गरी जम्मा रु.२०६/- अंकित दरको ३,००,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणलाई बिक्री वितरण गरी प्रचलित कानून बमोजिम सर्वसाधारणहरुलाई यस संस्थाको संचालनमा सहभागी गराउन ।
२. यस पुनर्बीमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
३. संकलन भएको पूँजीलाई अधिकतम प्रयोग गरी पुनर्बीमा व्यवसायलाई स्वदेश तथा विदेशमा विस्तार गर्न ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१. **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु. २१,००,००,००,०००/- (अक्षरेपी एक्काईस अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २१,००,००,००० (एक्काईस करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
२. **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १०,००,००,००० (दश करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
३. **चुक्ता पूँजी :** यस कम्पनीको चुक्ता पूँजी रु. ७,००,००,००,०००/- (अक्षरेपी सात अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ७,००,००,००० (सात करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणलाई शेयर जारी गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

प्राथमिक शेयरको सार्वजनिक निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछः

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	७,००,००,०००	७०%	७,००,००,००,०००/-	शत् प्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत)	३,००,००,०००	३०%	३,००,००,००,०००/-	हाल निष्काशन प्रक्रियामा रहेको (यसमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सामूहिक लगानी कोषलाई सुरक्षित गरिएको धितोपत्र बाँडफाँड भईसकेको)
	जम्मा	१०,००,००,०००	१००%	१०,००,००,००,०००/-	

नोट: कर्मचारी तथा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।
नोट: कर्मचारीहरुलाई निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ ।

९. आधारभूत शेयरधनी/संस्थापक/संचालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	शेयरधनीको नाम तथा ठेगाना	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय अनुभव
१	अम्बर प्रोभेष्टमेन्ट प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	६,७८५,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२	राष्ट्रिय वाणिज्य बैंक लि. वडा नं. ११, काठमाडौं	लागु नहुने	लागु नहुने	५,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
३	नेपाल बैंक लि. वडा नं. २२, काठमाडौं	लागु नहुने	लागु नहुने	५,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
४	इन्फिनीटी होल्डिङ्गस् प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	४,५००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
५	जगदम्बा मोटर्स प्रा.लि. वडा नं. ३५, काठमाडौं	लागु नहुने	लागु नहुने	३,२००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
६	विकास दुगड विराटनगर-०८, मोरङ्ग	४७	नेपाली	२,२००,०००	ईन्जिनियरिङ्गमा स्नातक	प्रबन्ध संचालक - के एल दुगड ग्रुप, नेपाल (१९९८ देखि हालसम्म)	नभएको
७	जगदम्बा स्टिलस् प्रा.लि. बारा-०२, जितपुर	लागु नहुने	लागु नहुने	२,२००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
८	साफ्रोन सि.के. इनभेष्टमेन्ट प्रा.लि. वडा नं. ०३, रुपन्देही	लागु नहुने	लागु नहुने	२,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
९	हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. विराटनगर-०३ मोरङ्ग	लागु नहुने	लागु नहुने	२,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१०	आर.एम.सी. कन्स्ट्रक्सन एण्ड इनभेष्टमेन्ट प्रा.लि. वडा नं. १३, काठमाडौं	लागु नहुने	लागु नहुने	१,५००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
११	सशीकान्त अग्रवाल वडा नं. २३, काठमाडौं	६१	नेपाली	१,५००,०००	स्नातक	अध्यक्ष - भगवती स्टील इन्डस्ट्रिज प्रा. लि., नेपाल (१९९० देखि हालसम्म)	नभएको
१२	कार्भी ग्लोबल प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,३५०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१३	अटल फिन्कोर्प प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,३५०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१४	अकोर्ड फिन्कोर्प प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,३५०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१५	कालिका फिन्कोर्प वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,३५०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१६	सौर्य सिमेन्ट इन्टरप्राईजेज प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१७	सन्दिप अग्रवाल वडा नं. १०, काठमाडौं	५०	नेपाली	१,०००,०००	एमबिए	संचालक - शिव शक्ति ग्रुप, नेपाल (१९९६ देखि हालसम्म)	नभएको
१८	राहुल अग्रवाल वडा नं. १०, काठमाडौं	४६	नेपाली	१,०००,०००	एमबिए	संचालक - शिव शक्ति ग्रुप, नेपाल (१९९९ देखि हालसम्म)	नभएको
१९	विकास जे.वि. राणा पोखरा-९, कास्की	६५	नेपाली	१,०००,०००	ईन्टरमेडिएट	अध्यक्ष - समिट एयरलाइन्स, नेपाल (२०११ देखि हालसम्म)	अध्यक्ष - शिखर इन्स्योरेन्स, नेपाल (२००४-२०१७)
२०	शालिमार इनभेष्टमेन्ट कम्पनी प्रा.लि. वीरगन्ज-१३	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२१	राजेश हार्डवेयर प्रा.लि. वडा नं. ११, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२२	कैलाश प्रसाद सिरोहिया धनुषा-०५, जनकपुर	५९	नेपाली	१,०००,०००	बि.कम.	प्रबन्ध संचालक - कान्तिपुर पब्लिकेशन लिमिटेड, नेपाल (१९९७ देखि हालसम्म)	नभएको
२३	किर्ती एपेक्स प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२४	ओण्डर भेन्चर्स प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२५	उज्जिवन मर्चेन्ट प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२६	अजन्ता होल्डिङ्गस् प्रा.लि. वडा नं. १, काठमाडौं	लागु नहुने	लागु नहुने	१,०००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२७	एक्सप्रेस इनभेष्टमेन्ट प्रा.लि. वडा नं. १६, काठमाडौं	लागु नहुने	लागु नहुने	९००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२८	कामधेनु इनभेष्टमेन्ट प्रा.लि. वडा नं. २, काठमाडौं	लागु नहुने	लागु नहुने	९००,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
२९	पशुपति मुरारका सिराहा-०७, तनहुँ	५९	नेपाली	७२५,०००	स्नातक	• संचालक - मुरारका ग्रुप, नेपाल (१९८८ देखि २०००) • प्रबन्ध संचालक - मुरारका ग्रुप, नेपाल (२००० देखि हालसम्म)	नभएको
३०	सिरिश कुमार मुरारका सिराहा-०७, तनहुँ	३८	नेपाली	७२५,०००	पि.जी. डिप्लोमा	संचालक - मुरारका ग्रुप, नेपाल (२०१३ देखि हालसम्म)	नभएको

संचालकहरुको विवरण (नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्व):

क्र.सं.	संचालकहरुको नाम तथा ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अन्य क्षेत्रको अनुभव	प्रस्तावित व्यवसायमा भएको अनुभव
१	श्री शेखर गोल्छा (प्रतिनिधि हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि.) का.म.न.पा.-२२, काठमाडौं	अध्यक्ष	५५	नेपाली	२०,००,०००	बि.बि.ए. (व्यवस्थापन)	अध्यक्ष र प्रबन्ध संचालक - हंसराज हुलाशचन्द्र एण्ड कम्पनी प्रा.लि., नेपाल (२०१० देखि हालसम्म)	२०७३ सालदेखि २०७७ सालसम्म तत्कालिन युनियन लाईफ इन्स्योरेन्सको संचालक
२	श्री शाहिल अग्रवाल (प्रतिनिधि जगदम्बा मोटर्स प्रा.लि.) का.म.न.पा.-०४, काठमाडौं	संचालक	४२	नेपाली	३२,००,०००	बि.बि.ए. (व्यवस्थापन)	• प्रबन्ध संचालक-शंकर ग्रुप, नेपाल (२००४ देखि हालसम्म) • अध्यक्ष-जगदम्बा स्टील्स् लि. (२०७९ देखि हालसम्म) • अध्यक्ष-जगदम्बा मोटर्स प्रा.लि. (२०६७ देखि हालसम्म) • अध्यक्ष-जगदम्बा अटो ग्रुप प्रा.लि. (२०७१ देखि हालसम्म) • अध्यक्ष-जगदम्बा हस्पिटालिटी ग्रुप लि. (२०६९ देखि हालसम्म) • संचालक-जगदम्बा सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (२०७६ देखि हालसम्म)	नभएको
३	श्री अमित मोर का.म.न.पा.-१०, काठमाडौं	संचालक	३९	नेपाली	६,०५,३३४	एम.बि.ए. (व्यवस्थापन)	• कार्यकारी संचालक-लक्की ग्रुप, नेपाल (२००६-२०१८) • प्रबन्ध संचालक-लक्की ग्रुप, नेपाल (२०१८ देखि हालसम्म) • अध्यक्ष-गणपति क्याफिन प्रा.लि. (२०७९ देखि हालसम्म) • अध्यक्ष-इम्पेरियल फिनसर्भ प्रा.लि. (२०७९ देखि हालसम्म) • अध्यक्ष-गाइत्री एण्ड सन्स् प्रा.लि. (२०७५ देखि हालसम्म) • अध्यक्ष-मोर न्याचुरल फुडस् प्रा.लि. (२०७८ देखि हालसम्म)	नभएको
४	श्रीमती साक्षी वंसल (गुप्ता) का.म.न.पा.-११, काठमाडौं	संचालक	३१	नेपाली	४,००,०००	बि.बि.ए. (व्यवस्थापन)	• संचालक - फर्न र पेटल्स, नेपाल (२०१३-२०१७) • प्रमुख मार्केटिङ्ग र बिजनेश डेभलपमेन्ट - लिटमश इन्डस्ट्रिज लिमिटेड, नेपाल (२०२२ देखि हालसम्म)	नभएको
५	श्री सुभास कुमार भुनभुनवाला जनकपुर-०१, धनुषा	स्वतन्त्र संचालक	५५	नेपाली	-	चार्टर्ड एकाउन्टेन्ट	पार्टनर - सुवास एण्ड कम्पनी (अडिट फर्म), नेपाल (१९९६ देखि हालसम्म)	नभएको

१०. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता :

क्र.सं.	नाम तथा पद	शैक्षिक योग्यता	नियुक्ति मिति	अनुभव	शेयर संख्या
१	उपासना पौडेल प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर (व्यवस्थापन)	२०८०/०६/१५	बीमा क्षेत्रमा १० वर्षभन्दा बढी र उत्पादन तथा दुरसञ्चार क्षेत्रमा ३ वर्षको कार्यानुभव ।	नभएको
२	मुकेश कुमार कपूर नायब प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर (व्यवस्थापन)	२०७८/०५/२८	नेपाल तथा भारतको बीमा क्षेत्रमा ३८ वर्षको कार्यानुभव ।	नभएको
३	मनिष कुमार कार्यकारी निर्देशक	स्नातकोत्तर (राजनीति शास्त्र तथा मार्केटिङ्ग)	२०७८/०५/२८	बीमा क्षेत्रमा ३३ वर्षको कार्यानुभव ।	नभएको
४	दीपक कुमार श्रेष्ठ कार्यकारी निर्देशक	स्नातकोत्तर (व्यवस्थापन)	२०७८/०३/२०	बैंकिङ्ग तथा बीमा क्षेत्रमा ३० वर्षको कार्यानुभव ।	नभएको

उल्लेखित उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नभएको तथा अन्य कुनै संगठित संस्थामा लगानी नगरेको ।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक संचालक समिति रहने व्यवस्था रहेकाले देहाय बमोजिम हुने गरी संचालक समिति रहेको छ :

"क" संस्थापक शेयरधनी	४ (चार जना)
"ख" स्वतन्त्र विशेषज्ञ संचालक	१ (एक जना)
"ग" सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित	२ (दुई जना)

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ । तर, संचालकहरु पुनः नियुक्तिको लागि योग्य हुने छन् ।
साथै, बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) को दफा ४८ बमोजिम स्वतन्त्र संचालक एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ ।
संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था : यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार संचालक पदमा नियुक्त हुनको लागि कुनै पनि संस्थापक शेयरधनीले आफ्नो नाममा कम्तिमा ५,००० (पाँच हजार) र सर्वसाधारण शेयरधनीले कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ ।
तर स्वतन्त्र तथा विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ । तर, कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुनेछैन ।

१३. संचालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरण:

वासलात (रकम रु.हजारमा)

विवरण	वास्तविक आ.व. २०७७/७८	वास्तविक आ.व. २०७८/७९	*२०८० आषाढ मसान्तसम्म
सम्पत्ति			
अमूर्त सम्पत्तिहरु	२,५०१	४,३२६	१४,९५३
सम्पत्ति तथा उपकरणहरु	७,७९४	६५,१३९	६२,६०४
लगानी योग्य सम्पत्तिहरु	-	-	-
स्थगन कर सम्पत्ति	-	-	-
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-
लगानी	६,७५०,९८६	७,५२४,३७३	९,७४७,५६७
कर्जा	-	-	-
पुनर्बीमा सम्पत्तिहरु	-	४८,४८९	४६४,९६८
चालु कर सम्पत्तिहरु (खुद)	-	-	२४,०८९
बीमा प्राप्ती	१५	१८७,९७७	२,२३९,७४९
अन्य सम्पत्तिहरु	९,९०३	१२३,९४३	६५६,७२६
अन्य वित्तीय सम्पत्तिहरु	३३०	५४,१५६	३०,६५१
नगद तथा नगद बराबर	२४३,२१९	९३,९७७	१४०,४८४
जम्मा सम्पत्तिहरु	**७,०१४,७४७**	**८,१०२,३८१**	**१३,३८१,७९२**
इक्विटी र दायित्वहरु			
इक्विटी			
शेयर पूँजी	७,०००,०००	७,०००,०००	७,०००,०००
शेयर आवेदनबाट आउन बाँकी रकम	-	-	-
शेयर प्रिमियम	-	-	-
बीमा कोष	४,८१९	१३६,९७८	३५८,१९४
महाविपत्ती जगेडा	४६१	१५,०५९	३७,१८१
संचित नाफा/(नोक्सान)	४,१४४	११९,४९४	३९,३०७
अनिवार्य आरक्षित कोष	-	-	-
अन्य इक्विटी	-	२९,९७५	३०९,२५७
जम्मा इक्विटी	**७,००९,४२४**	**७,३०१,५०७**	**७,७४३,९३८**
दायित्व			
व्यवस्थाहरु	१,५२८	४९,५६९	७३,०६१
कुल बीमा करार दायित्व	१०८	६०६,९८४	४,९३७,४९०
स्थगन कर दायित्व	१८५	२०,५३९	२०,५३९
बीमा भुक्तानी	१,०६१	३५,२१०	३५९,७०६
चालु कर दायित्वहरु (खुद)	**२६४**	**३६,०८६**	-
सापटी	-	-	-
अन्य वित्तीय दायित्वहरु	१,९६६	२,८४१	६,२२२
अन्य दायित्वहरु	२११	४९,६४५	२४०,८३५
जम्मा दायित्व	**५,३२३**	**८००,८७४**	**५,६३७,८५४**
जम्मा इक्विटी तथा दायित्वहरु	**७,०१४,७४७**	**८,१०२,३८१**	**१३,३८१,७९२**

नाफा-नोक्सान हिसाब (रकम रु.हजारमा)

विवरण	वास्तविक आ.व. २०७७/७८	वास्तविक आ.व. २०७८/७९	*२०८० आषाढ मसान्तसम्म
आम्दानी :			
कुल प्रिमियम आम्दानी	७८	४३४,५३९	३,४८४,४५३
प्रिमियम हस्तान्तरण	-	(४८,४८९)	(५३,९८०)
खुद प्रिमियम आम्दानी	**७८**	**३८६,०५०**	**३,४३०,४७३**
अन्य प्रत्यक्ष आम्दानी	-	१२,०९०	७५,८९७
कमिशन आम्दानी	-	-	-
लगानीबाट आम्दानी	२३,७६२	५७५,७०१	८०६,४८९
उचित मूल्य परिवर्तनमा खुद नाफा/नोक्सान	-	-	-
खुद प्राप्त नाफा/नोक्सान	-	-	-
अन्य आम्दानी	-	-	-
जम्मा आम्दानी	**२३,८४०**	**९७३,८४१**	**४,३१२,८५९**
खर्चहरु :			
कुल दावी भुक्तानी	-	(३३,९७०)	(८०४,५२६)
दावी पुनः प्राप्ति	-	-	-
करार दायित्वहरुमा कुल परिवर्तन	(२२)	(१७२,५०९)	(१,७१४,९५९)
पुनर्बीमाकर्ताहरुलाई हस्तान्तरण गरेको करार दायित्वहरुमा परिवर्तन	-	-	१६६,५११
खुद दावी भुक्तानी	**(२२)**	**(२०६,४७९)**	**(२,३५२,९७४)**
अन्य प्रत्यक्ष खर्च	(१)	(१०,७७४)	(२७३,०२५)
कमिशन खर्च	(४२)	(८०,०४९)	(७०९,०७८)
सेवा शुल्क	(२)	(७,७१९)	(५७,९६१)
कर्मचारी लाभ खर्च	(१,९७२)	(१२१,४११)	(१६५,५८५)
ह्रासकट्टी तथा परिशोधन खर्च	(८५)	(१८,१३२)	(२२,९७६)
Impairment Losses	-	(२९,४६०)	-
अन्य खर्चहरु	(८,२८०)	(५६,१५५)	(९५,३०६)
वित्तीय खर्च	-	(३,६७४)	(३,११०)
जम्मा खर्चहरु	**(१०,४०३)**	**(५३३,८५३)**	**(३,६८०,८१५)**
इक्विटी विधि र कर प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर अघि वर्षको लागि खुद नाफा/नोक्सान	**१३,४३७**	**४३९,९८८**	**६३२,०४४**
इक्विटी विधि प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर	-	-	-
कर अघिको मुनाफा	**१३,४३७**	**४३९,९८८**	**६३२,०४४**
आयकर खर्च	(४,०१३)	(१४७,८८०)	(१८९,६१३)
यस वर्षको खुद नाफा/नोक्सान	**९,४२४**	**२९२,१०८**	**४४२,४३१**
प्रति शेयर आम्दानी	**०.१३**	**४.१७**	**६.३२**

*२०८० आषाढ मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात (रकम रु.हजारमा)

विवरण	प्रक्षेपित आ.व. २०८०/८१	प्रक्षेपित आ.व. २०८१/८२	प्रक्षेपित आ.व. २०८२/८३
सम्पत्ति			
अमूर्त सम्पत्तिहरु	१३,९८१	५२,३४२	४३,३७०
सम्पत्ति तथा उपकरणहरु	५४४,२५९	१,०२५,९१४	९९०,८१०
लगानी योग्य सम्पत्तिहरु	-	-	-
स्थगन कर सम्पत्तिहरु	-	-	-
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-
लगानी	१६,५६७,४७५	१७,९९२,१७४	२१,२५२,२१९
कर्जा	-	-	-
पुनर्बीमा सम्पत्तिहरु	१,०६५,५३९	१,३७८,८७७	१,३२२,३७६
चालु कर सम्पत्तिहरु (खुद)	-	-	-
बीमा प्राप्ती	३,८०५,०७२	५,२७९,९४४	६,५३२,८७८
अन्य सम्पत्तिहरु	१,३३९,४२१	१,७१७,७२९	२,११६,८७६
अन्य वित्तीय सम्पत्तिहरु	१२४,०७९	१४०,७४०	१७३,६०७
नगद तथा नगद बराबर	१२,१७८	४९,५१०	१०३,३८७
जम्मा सम्पत्तिहरु	**२३,४७२,००४**	**२७,६३७,२३०**	**३२,५३५,५२४**
इक्विटी र दायित्वहरु			
इक्विटी			
शेयर पूँजी	१०,०००,०००	१०,०००,०००	१०,०००,०००
शेयर आवेदनबाट आउन बाँकी रकम	-	-	-
शेयर प्रिमियम	३,१८०,०००	३,१८०,०००	३,१८०,०००
बीमा कोष	८७१,४२५	१,६४७,४७५	२,७९०,५७०
महाविपत्ती कोष	८८,५०४	१६६,१०९	२८०,४१८
संचित नाफा/नोक्सान	४९०,९५१	१,१७३,८७५	२,१७९,७९८
अनिवार्य आरक्षित कोष	-	-	-
अन्य इक्विटी	३१९,५२१	३३५,०४२	३५७,९०४
जम्मा इक्विटी	**१४,९५०,४०१**	**१६,५०२,५०१**	**१८,७८८,६९१**
दायित्व			
व्यवस्थाहरु	१६८,५४३	२५७,५९३	३७७,८२४
कुल बीमा करार दायित्व	७,७००,६८८	९,९६४,४२८	१२,२८३,८३४
स्थगन कर दायित्वहरु	२०,५३९	२०,५३९	२०,५३९
बीमा भुक्तानी	४८२,८०४	७०५,८१५	८१८,२०७
चालु कर दायित्वहरु (खुद)	**४३,९९१**	**६६,५१९**	**९७,९८०**
सापटी	-	-	-
अन्य वित्तीय दायित्वहरु	१४,४०८	१६,४२०	१८,४३९
अन्य दायित्वहरु	९०,६३०	१०३,४१६	१३०,०११
जम्मा दायित्वहरु	**८,५२१,६०३**	**११,१३४,७२९**	**१३,७४६,८३३**
जम्मा इक्विटी तथा दायित्वहरु	**२३,४७२,००४**	**२७,६३७,२३०**	**३२,५३५,५२४**

नाफा-नोक्सान हिसाब (रकम रु.हजारमा)

विवरण	प्रक्षेपित आ.व. २०८०/८१	प्रक्षेपित आ.व. २०८१/८२	प्रक्षेपित आ.व. २०८२/८३
आम्दानी :			
कुल प्रिमियम आम्दानी	७,७८०,२२६	१०,८५१,६९५	१३,६६५,९६०
प्रिमियम हस्तान्तरण	(१,१६८,००३)	(१,९९४,८३९)	(२,१६९,२१८)
खुद प्रिमियम आम्दानी	**६,६१२,२२३**	**८,८५६,८५६**	**११,४९६,७४३**
अन्य प्रत्यक्ष आम्दानी	-	-	-
कमिशन आम्दानी	-	-	-
लगानीबाट आम्दानी	१,२७१,६७७	१,३०२,६४८	१,५४४,१०३
उचित मूल्य परिवर्तनमा खुद नाफा/नोक्सान	-	-	-
खुद प्राप्त नाफा/नोक्सान	-	-	-
अन्य आम्दानी	-	-	-
जम्मा आम्दानी	**७,८८३,९००**	**१०,१५९,५०४**	**१३,०४०,८४६**
खर्चहरु :			
कुल दावी भुक्तानी	(३,०२०,५८१)	(३,९१८,०२६)	(४,८३२,४५९)
दावी पुनः प्राप्ति	१३७,००४	१७७,७५१	२१९,३४८
करार दायित्वहरुमा कुल परिवर्तन	(१,०८२,९७२)	(८७२,४९७)	(८९६,३८३)
पुनर्बीमाकर्ताहरुलाई हस्तान्तरण गरेको करार दायित्वहरुमा परिवर्तन	२९,४८३	५७,५८९	२४,८६९
खुद दावी भुक्तानी	**(३,९३७,०६६)**	**(४,५५५,१८२)**	**(५,४८४,६२६)**
अन्य प्रत्यक्ष खर्च	(२८,८१४)	(३७,२८८)	(४७,६६९)
कमिशन खर्च	(१,९४२,२७७)	(२,६९४,३००)	(३,३७९,०५९)
सेवा शुल्क	(७७,२१४)	(९९,९२४)	(१३०,०११)
कर्मचारी लाभ खर्च	(२६४,९४१)	(३५६,३८९)	(४७८,१६९)
ह्रासकट्टी तथा परिशोधन खर्च	(१९,३१७)	(१९,९८४)	(४४,०७६)
Impairment Losses	-	-	-
अन्य खर्चहरु	(१४५,६४९)	(१७७,९७६)	(२११,०८६)
वित्तीय खर्च	(२,२४७)	(१,१७६)	(१६५)
जम्मा खर्चहरु	**(६,४१७,५२४)**	**(७,९४२,२१८)**	**(९,७७४,८६१)**
इक्विटी विधि र कर प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर अघि वर्षको लागि खुद नाफा/नोक्सान	**१,४६६,३७६**	**२,२१७,२८६**	**३,२६५,९८५**
इक्विटी विधि प्रयोगको लागि लेखिएको एसोसिएट्सको खुद नाफाको शेयर	-	-	-
कर अघिको मुनाफा	**१,४६६,३७६**	**२,२१७,२८६**	**३,२६५,९८५**
आयकर खर्च	(४३९,९१३)	(६६५,१८६)	(९७९,७९५)
यस वर्षको खुद नाफा/नोक्सान	**१,०२६,४६३**	**१,५५२,१००**	**२,२८६,१८९**
प्रति शेयर आम्दानी	**१०.२६**	**१५.५२**	**२२.८६**

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. *कुल बीमाशुल्क:*
आ.व. २०७९/८० बाहेक नेपालको बीमा क्षेत्रको समग्र वृद्धि १८% रहेको र नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम नेपालमा संचालित जीवन तथा निर्जीवन बीमा कम्पनीहरुले बीमा लेखाङ्कको कम्तीमा १०% प्रत्यक्ष हिस्सा (वार्षिक रुपमा दुई प्रतिशतले घट्दै जाने) अनिवार्य रुपमा, ट्रिटीको कम्तिमा १५% हिस्सा अनिवार्य रुपमा तथा ऐच्छिक बीमा (Facultative) को हकमा समेत स्वदेशी पुनर्बीमा कम्पनीले नकारेको अवस्थामा मात्र विदेशी पुनर्बीमा कम्पनीमा पुनर्बीमा गराउन पाउने व्यवस्था तथा बीमकहरुले जीवन बीमा, मोटर, कृषि, पशुपन्छी तथा जडीबुटी बीमा, हुलदंगा तथा आतंकवाद बीमा र विविध (यात्रा, ट्रेकिङ्ग, तथा स्वास्थ्य बीमा बाहेक) स्वदेश मै शत प्रतिशत पुनर्बीमा गर्नु पर्ने व्यवस्थाले गर्दा यस कम्पनीको कुल बीमाशुल्क आम्दानी मनग्य बढ्ने हुनाले सो आधारमा कुल बीमाशुल्क प्रक्षेपण गरिएको छ ।

२. *खुद बीमा प्रिमियममा अनुमानित वृद्धिदर:*
प्रकरण १ अनुसार यस कम्पनीको दुई वर्षको पुनर्बीमा सम्झौता, अन्तर्राष्ट्रिय बीमा बजारका पुनर्बीमा कम्पनीहरुको रेट्रोसेसन अनुपात र पुनर्बीमाको प्राविधिक तथा आर्थिक पक्षलाई मध्यनजर गरी आवश्यकता अनुसार पुनर्बीमा सम्झौता खरिद गरिने हुँदा ।

३. *दावी अनुपात:*
नेपालमा संचालित समान प्रकृतिको व्यवसाय तथा स्वदेशी तथा विदेशी बीमा क्षेत्रको समग्र दावी अनुपात र त्यसमा पुनर्बीमकको हिस्सालाई मध्यनजर गर्दै यस कम्पनीको दावी अनुपात कायम गरिएको छ जुन निम्नानुसार छ ।

बीमाको प्रकार	स्वदेशी			विदेशी		
	ULR	Reported	IBNR	ULR	Reported	IBNR
सम्पत्ति तथा इन्जिनियरिङ्ग	५५%	५०%	५%	७०%	६५%	५%
सामुद्रिक, हवाई एण्ड मोटर	५५%	४५%	१०%	६०%	५०%	१०%
अन्य	५५%	५०%	५%	६०%	५०%	१०%

४. *व्यवस्थापन खर्चमा अनुमानित वृद्धिदर:*
बीमा शुल्क र नाफा बढाउने प्रयोजनको लागि जनशक्ति तथा अन्य आवश्यक पुर्वाधारहरु थप गर्नुपर्ने जस्ता अन्य विभिन्न कारणहरुले गर्दा व्यवस्थापनको खर्च पनि सोही अनुपातमा वृद्धि हुने ।

५. *पुनर्बीमा कमिशन खर्च:*
कुल बीमाशुल्क, बजार प्रतिष्पर्धा, नेपालमा संचालित समान प्रकृतिको कम्पनीको विगतको तथ्याङ्क तथा यस कम्पनीको विगत दुई वर्षको अनुभवको आधारमा यस कम्पनीको पुनर्बीमा कमिशन दर कायम गरिएको छ जसका आधारमा कमिशन खर्च प्रक्षेपण गरिएको छ, जुन देहाय बमोजिम छ ।

कमिशन दर-विदेशी

	२०८०/८१	२०८१/८२	२०८२/८३
निर्जीवन			
सम्पत्ति	३०%	३०%	३०%
मोटर	३२%	३२%	३२%
सामुद्रिक	२८%	२८%	२८%
इन्जिनियरिङ्ग	२०%	२०%	२०%
लघु	२%	२%	२%
हवाई	२%	२%	२%
पशुपन्छी तथा बाली	१०%	१०%	१०%
विविध	२५%	२५%	२५%
Excess of Loss (Whole Account)	-	-	-
Others (to be specified)	-	-	-
जीवन			
म्यादी	-	-	-
Others (to be specified)	-	-	-

कमिशन दर-स्वदेशी

	२०८०/८१	२०८१/८२	२०८२/८३
निर्जीवन			
सम्पत्ति	३२%	३२%	३२%
मोटर	३२%	३२%	३२%
सामुद्रिक	३०%	३०%	३०%
इन्जिनियरिङ्ग	२१%	२१%	२१%
लघु	५%	५%	५%
हवाई	२%	२%	२%
पशुपन्छी तथा बाली	१५%	१५%	१५%
विविध	२८%	२८%	२८%
Excess of Loss (Whole Account)	-	-	-
Others (to be specified)	-	-	-
जीवन			
म्यादी	-	-	-
Others (to be specified)	-	-	-

६. *चालु दायित्वमा अनुमानित वृद्धिदर :*
कम्पनीको बीमा दावी कम्पनीले आर्जन गरेको बीमाशुल्कमा अन्तर्निहित हुने हुँदा प्रकरण १ अनुसार कुल बीमाशुल्कमा भएको वृद्धिसँगै बीमा दावी पनि वृद्धि हुने र वृद्धि भएका बीमा दावीहरु विभिन्न कारणले गर्दा समयमै फछ्र्यौट गर्न कठिनाई हुने हुँदा ।

७. *खुद सम्पत्तिमा अनुमानित वृद्धिदर :*
प्राथमिक शेयरको निष्काशन पश्चात् घर-जग्गा खरीद गर्ने र आयकर ऐन, २०५८ अनुसार प्रत्येक वर्ष ह्रासकट्टी गर्दै जानु पर्ने भएकोले ।

८. *खुद नाफामा अनुमानित वृद्धिदर :*
कम्पनीको निर्णयानुसार कम्पनी स्थापनाको पाँच वर्षसम्म कुनै पनि नगद लाभांश वितरण नगरी लगानी गर्ने तथा बीमा नियमावली, २०४९ अनुसार खडा गरिएको असमाप्त जोखिम जगेडा तथा बक्यौता दावी वापतको रकमको समायोजन हुने भएकोले ।

९. *लगानीबाट प्राप्त हुने आम्दानीमा अनुमानित वृद्धिदर :*
आ.व २०८०/०८१ मा पूँजी वृद्धि मार्फत प्राप्त भएको रकम आ.व.२०८०/०८१ मा अधिकांश रुपले लगानी हुने हुँदा सो वर्षमा लगानीबाट प्राप्त हुने आम्दानीमा उल्लेख्य वृद्धि आउने । कम्पनी स्थापनाको पाँच वर्षसम्म कुनै पनि नगद लाभांश वितरण नगरी लगानी गर्ने कम्पनीको नीतिबाट तत् पश्चात्का वर्षहरुका लगानीको आम्दानीमा क्रमिक वृद्धि आउने ।

१०. *बीमा कोषमा अनुमानित वृद्धिदर :*
बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९) अनुसारका विभिन्न कोष तथा जगेडा व्यवस्था गर्नु पर्ने ।

११. *करार दायित्वहरुमा कुल परिवर्तन :*
करार दायित्वहरुमा कुल परिवर्तनले आर्थिक वर्षको अन्तिममा रहेको करार दायित्वहरु र आर्थिक वर्षको शुरुमा रहेको करार दायित्वहरुको फरकलाई जनाउँछ । दावी भुक्तानीमा बीमा क्षेत्रको दावी अनुपातलाई मध्यनजर गर्दै कम्पनीको दावी अनुपात कायम गरेको र सोही बमोजिम भुक्तानी हुन बाँकी रहेको दावीको अनुपात कायम भएको । आइबीएनआर एण्ड आइबीएनईआर, प्रिमियम डिफिसियन्सी र मार्जिन फर एडभर्स डेभिएशनको हकमा विगत वर्षहरुको बीमाङ्कीको प्रतिवेदनका आधारमा अनुपात कायम गरिएको, जुन देहाय बमोजिम रहेको छ ।

Gross Unearned Premium to Total Premium Ratio

	सम्पत्ति	मोटर	सामुद्रिक	इन्जिनियरिङ्ग	लघु	हवाई	पशुपन्छी तथा कृषि	विविध	म्यादी
२०८०/८१	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%
२०८१/८२	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%
२०८२/८३	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%	५०%

Gross Premium Deficiency to Total Premium Ratio

	सम्पत्ति	मोटर	सामुद्रिक	इन्जिनियरिङ्ग	लघु	हवाई	पशुपन्छी तथा कृषि	विविध	म्यादी
२०८०/८१	५%	५%	५%	५%	५%	५%	५%	५%	५%
२०८१/८२	५%	५%	५%	५%	५%	५%	५%	५%	५%
२०८२/८३	५%	५%	५%	५%	५%	५%	५%	५%	५%

Gross IBNR to Claims Ratio

	सम्पत्ति	मोटर	सामुद्रिक	इन्जिनियरिङ्ग	लघु	हवाई	पशुपन्छी तथा कृषि	विविध	म्यादी
२०८०/८१	५%	५%	५%	५%	५%	५%	५%	५%	५%
२०८१/८२	५%	५%	५%	५%	५%	५%	५%	५%	५%
२०८२/८३	५%	५%	५%	५%	५%	५%	५%	५%	५%

Gross Margin for Adverse Deviation To Claim Ratio

	सम्पत्ति	मोटर	सामुद्रिक	इन्जिनियरिङ्ग	लघु	हवाई	पशुपन्छी तथा कृषि	विविध	म्यादी
२०८०/८१	२%	२%	२%	२%	२%	२%	२%	२%	२%
२०८१/८२	२%	२%	२%	२%	२%	२%	२%	२%	२%
२०८२/८३	२%	२%	२%	२%	२%	२%	२%	२%	२%

आ.व.२०७९/८० मा आ.व.२०७८/७९ भन्दा व्यवसायमा भएको अभुतपूर्व वृद्धिले गर्दा करार दायित्वहरुमा भएको कुल परिवर्तन तुलनात्मक रुपमा उल्लेख्य देखिएको हो । आ.व.२०७९/८० को तुलनामा आ.व.२०८०/८१ म कुल बीमाशुल्कमा भएको वृद्धि आ.व.२०७८/७९ को तुलनामा आ.व.२०७९/८० मा भएको वृद्धि भन्दा कम रहेकोले आ.व.२०८०/८१ मा करार दायित्वहरुमा भएको कुल परिवर्तन आ.व.२०७९/८० भन्दा तुलनात्मक रुपमा कम देखिएको हो ।

१२. *अन्य प्रत्यक्ष खर्चहरु :*
अन्य प्रत्यक्ष खर्चहरु अन्तर्गत पुनर्बीमा दलाल मार्फत व्यवसाय प्राप्त गर्दा भुक्तानी गर्नुपर्ने ब्रोकरेजलाई देखाइएको छ । सोको अनुपात पुनर्बीमा दलाल मार्फत गरिने व्यवसायको अनुपात अनुसार कायम गरिएको छ, जुन देहाय बमोजिम कायम गरिएको छ ।

ब्रोकरेज दर-विदेशी

	२०८०/८१	२०८१/८२	२०८२/८३
निर्जीवन			
सम्पत्ति	३%	३%	३%
मोटर	३%	३%	३%
सामुद्रिक	३%	३%	३%
इन्जिनियरिङ्ग	३%	३%	३%
लघु	३%	३%	३%
हवाई	३%	३%	३%
पशुपन्छी तथा कृषि	३%	३%	३%
विविध	३%	३%	३%
Excess of Loss (Whole Account)	३%	३%	३%
Others (to be specified)	-	-	-
जीवन			
म्यादी	२.५%	२.५%	२.५%
Others (to be specified)	-	-	-

आ.व.२०७९/८० मा यस कम्पनीले व्यवसाय प्राप्तिका लागि पुनर्बीमा दलाललाई प्रयोग गरेर विभिन्न पुनर्बीमा व्यवसायहरु आर्जन गरेकोमा आगामी वर्षमा सो खर्चमा उल्लेख्य ह्रास आउने प्रक्षेपण गरिएको छ ।

१३. *पुनर्बीमा शुल्क :*
हाल विश्वभर प्राकृतिक प्रकोपका कारण हुने क्षती बढिरहेको अवस्थामा केही वर्षसम्म पुनर्बीमा खरीद गर्दा केही लागत बढ्न जाने र कम्पनीको व्यवसायको आकार र अनुभव बढ्दै जाँदा पुनर्बीमा शुल्कमा क्रमिक ह्रास आउने हुनाले सोही अनुरुप पुनर्बीमा शुल्क गणना गरिएको छ ।

१४. *कुल प्रिमियम आम्दानी :*
कुल प्रिमियम आम्दानी भन्नाले कुल प्रिमियम र प्राप्ती हुन बाँकी प्रिमियममा कुल परिवर्तन बीचको फरकलाई जनाउँछ । प्राप्ती हुन बाँकी प्रिमियममा कुल परिवर्तन भन्नाले आर्थिक वर्षको अन्तिममा रहेको प्राप्ती हुन बाँकी प्रिमियम र आर्थिक वर्षको शुरुमा रहेको प्राप्ती हुन बाँकी प्रिमियमको फरकलाई जनाउँछ । आर्थिक वर्षको अन्तिममा रहेको प्राप्ती हुन बाँकी प्रिमियम नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कायम गरिएको ।
व्यवसायको वृद्धि सँगै कुल प्रिमियम आम्दानी समेत सोही अनुपातमा बढ्दै जाने हुँदा सोही बमोजिम प्रक्षेपित वित्तीय विवरणमा देखाइएको छ ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक आ.व.०७७/७८	वास्तविक आ.व.०७८/७९	अपरिष्कृत २०८० आषाढ मसान्त	प्रक्षेपित आ.व.०८०/८१	प्रक्षेपित आ.व.०८१/८२	प्रक्षेपित आ.व.०८२/८३
चुक्ता पूँजी	७,०००,०००	७,०००,०००	७,०००,०००	१०,०००,०००	१०,०००,०००	१०,०००,०००
शेयर प्रिमियम	-	-	-	३,१८०,०००	३,१८०,०००	३,१८०,०००
जगेडा तथा कोषहरु	९,४२४	३०१,५०७	७४३,९३८	१,७७०,४०१	३,३२२,५०१	५,६०८,६९१
जम्मा	**७,००९,४२४**	**७,३०१,५०७**	**७,७४३,९३८**	**१४,९५०,४०१**	**१६,५०२,५०१**	**१८,७८८,६९१**
घटाउने : स्थगन कमशिन खर्चहरु	-	(८०,०१६)	-	-	-	-
घटाउने : नियामक कोष	-	(१८,११०)	-	-	-	-
जोड/(घटाउने) : स्थगन कर कोष	-	११,४१४	२०,५३९	२०,५३९	२०,५३९	२०,५३९
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवर्थ	**७,००९,४२४**	**७,२१४,७९६**	**७,७६४,४७८**	**१४,९७०,९४१**	**१६,५२३,०४१**	**१८,८०९,२३०**
शेयर संख्या ('००० मा)	७०,०००	७०,०००	७०,०००	१००,०००	१००,०००	१००,०००
प्रति शेयर नेटवर्थ (रु.)	१००.१३	१०३.०७	११०.९२	१४९.७१	१६५.२३	१८८.०९
खुद नाफा/नोक्सान	९,४२४	२९२,१०८	४४२,४३१	१,०२६,४६३	१,५५२,१००	२,२८६,१८९
प्रति शेयर आम्दानी (रु.)	०.१३	४.१७	६.३२	१०.२६	१५.५२	२२.८६
नेटवर्थमा प्रतिफल (%)	०.१३	४.००	५.७१	६.८७	९.४१	१२.१७
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा :						**३.७७**

विगत २ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : २.०७%
द्रष्टव्य : प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी के.यु.एस एण्ड एसोसिएट्सबाट प्रमाणित गरिएको छ ।

१४. सकारात्मक पक्षहरु :

- बीमा तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- आर्थिक र प्रतिष्पर्धी पुनर्बीमा व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

१५. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अन्तर्निहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) वित्तीय साधनको अभाववाट हुने जोखिम :
१. आ.व. २०७८/७९ को तुलानामा आ.व. २०७९/८० मा निर्जीवन बीमा शुल्क र जीवन बीमा शुल्कमा क्रमशः २.६६% र २.६८% को वृद्धिलाई हेर्दा आगामी दिनमा विद्यमान आर्थिक मन्दीले निरन्तरता पाएमा पुनर्बीमा व्यवसायको आयमा असर परी वित्तीय साधनको अभावको जोखिम रहेको छ ।
२. समय समयमा हुने दैविक प्रकोप जस्तैः आँधीबेरी, भूकम्प, बाढी, पहिरो जस्ता अन्य कारणले हुने आर्थिक क्षतिमा संस्थाको बीमा दायित्व अनपेक्षित रुपमा बढ्न सक्ने जोखिम ।
३. वित्तीय श्रोतको अभावबाट लगानीको दायरा संकुचित हुनसक्ने जोखिम ।

(ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम : यस कम्पनीले पुनर्बीमा व्यवसाय गर्ने भएकाले कच्चा पदार्थको किसिम र उपलब्धता आवश्यक नभएको ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१. विद्यमान आर्थिक मन्दीले निरन्तरता पाएमा उत्पादन तथा सेवा बजारमा प्रतिकूल प्रभाव पर्न जाने र लागत समेत बढ्न सक्ने हुनाले सर्वसाधारणको बीमा खरीद क्षमतामा ह्रास आउन सक्ने ।
२. नेपालमा अन्य एक स्वदेशी तथा अन्य केही विदेशी पुनर्बीमा कम्पनीहरु उपस्थिति रहेकोमा आगामी दिनमा विदेशबाट नयाँ पुनर्बीमा कम्पनीको प्रवेश भएमा व्यवसाय घट्ने जोखिम सृजना हुन सक्ने ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : लागु नहुने ।

(ङ) विदेशी विनिमयको :
१. यस कम्पनीले विदेशी बीमा तथा पुनर्बीमा कम्पनीहरुबाट समेत पुनर्बीमा व्यवसाय ग्रहण गरिरहेको छ । सो कारणले गर्दा विदेशी विनिमय दर परिवर्तनको जोखिम रहेको ।
२. विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई व्यवस्थापन गर्न बजारमा उपलब्ध भएसम्मका वित्तीय उपकरणहरु प्रयोग गरी जोखिम न्यूनीकरण गरिनेछ ।

(च) कानूनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु : कानूनी प्रक्रियाहरु तथा इजाजतप्राप्त गर्नुपर्ने विषयमा भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको ।

(छ) क्षेत्रीयकरण र विश्व व्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : पुनर्बीमा एक विश्वव्यापी व्यवसाय हो, जुन कुनै पनि अन्तर्राष्ट्रिय सीमा बिना हुन्छ । नेपालका बीमा कम्पनीहरुले नेपाल बाहिरका पुनर्बीमा कम्पनीहरुसँग आफ्नो व्यवसायको पुनर्बीमा गर्छन् । त्यसैगरी नेपाल बाहिरका बीमा कम्पनीहरुले आफ्नो पुनर्बीमा व्यवसायको अंश नेपालका पुनर्बीमा कम्पनीहरुलाई पनि प्रदान गरेको हुन्छन् । तसर्थ, विश्व व्यापीकरण यस उद्योगको मेरुदण्ड हो र सोबाट यस संस्थाको संचालनमा कुनै पनि जोखिम नरहेको । वास्तवमा, यो व्यापार जति विश्वव्यापी हुँदै जान्छ त्यति नै यस संस्थाको प्रदर्शन राम्रो हुँदै जान्छ ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
१. नेपाल बीमा प्राधिकरण र अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र बीमा क्षेत्र एवं यस पुनर्बीमा कम्पनीलाई समेत असर पर्न जाने हुन्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं ।
२. विदेशी मुद्रा बहिर्गमन रोकथामका लागि नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणबाट समय समयमा जारी एवं परिवर्तन हुने नीति नियमहरु पालना गर्न हामी प्रतिवद्ध रहेको छौं ।

(झ) संचालन इतिहासको अभाव: यस कम्पनीले मिति २०७८/०३/३१ गतेदेखि आफ्नो व्यावसायिक कार्य संचालन गरी स्थापनाको तेश्रो वर्षमा संचालनमा रहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम : पुनर्बीमा एक दीर्घकालीन व्यवसाय हो, जसले बीमा कम्पनीहरुलाई सहयोग र क्षमता प्रदान गर्दछ । पुनर्बीमा व्यवसायमा प्रविधिले कम्पनीहरुलाई आफ्नो व्यवसाय प्रभावकारी र पूर्ण रुपमा संचालन गर्न मद्दत गर्दछ । प्रविधिमा भएको कुनै पनि परिवर्तनले मात्र पुनर्बीमा कम्पनीलाई पहिलेभन्दा राम्रो प्रदर्शन गर्न मद्दत गर्छ । जोखिम हुनुको सट्टा, प्रविधिमा परिवर्तनले पुनर्बीमा कम्पनीको कार्यसम्पादनलाई सधैं बढावा दिन्छ ।

(ट) अन्य : निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा पुनर्बीमाको जोखिम वहन गर्ने क्षमता एवं व्यावसायीक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ ।
- देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम ।
- विभिन्न बीमा कम्पनीहरुमा झुटो क्षतिको विवरण पेश गरी बीमा दावीको कारणले आम्दानी संकुचन हुने जोखिम ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेपको ब्याजदर घटनाले लगानीबाट हुने ब्याज आम्दानीको संकुचन जोखिम ।
- पूँजी बजारमा आउने गिरावटको कारण पुनर्बीमा कम्पनीको लगानीको मूल्यमा ह्रास आउने जोखिम ।
- सरकारी सुरक्षणपत्रहरुको ब्याजदरमा आउने परिवर्तनबाट पुनर्बीमाको आम्दानी संकुचन हुने जोखिम ।
- कार्य संचालन जोखिम (Operational Risk) बाट हुनसक्ने हानी-नोक्सानी ।
- प्राकृतिक प्रकोप (जस्तैः भूकम्प, बाढी/पहिरो आदि) को कारणबाट व्यवसायमा आउने प्रभाव तथा बीमा दावीमा वृद्धि हुने जोखिम ।

यस संस्थाले शुरुवातदेखि नै जोखिम व्यवस्थापनको क्षेत्रमा गर्दै आइहेको उत्कृष्ट प्रदर्शन, अनुभवी तथा दक्ष जनशक्ति, गुणस्तरीय पुनर्बीमाको पोर्टफोलियो, जोखिम निगरानी एवं नियन्त्रण विधिको अवलम्बन तथा कुशल एवं तत्परताका साथ जोखिम व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने गरेका कारण संचालन एवं वित्तीय अवस्थामा उपरोक्त जोखिमहरुबाट उल्लेख्य असर पर्न जाने देखिदैन । पुनर्बीमा कम्पनीले पहिचान गरेका सम्भाव्य जोखिमहरु व्यवस्थापन तथा न्यूनीकरण गर्न विभिन्न व्यवस्थापन तथा सु-शासन समितिहरुमा आवश्यकता अनुसार छलफल गर्दै आवश्यक न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै आएको ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यूनीकरण वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
पुनर्बीमा कम्पनीले नेपाल बीमा प्राधिकरणको निर्देशन तथा पुनर्बीमा कम्पनीको नीति नियमको अधिनमा रही आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई आवश्यक नीति तथा कार्यविधिहरु मार्फत विभिन्न जोखिमहरु व्यवस्थापन गरी कम्पनीलाई उत्कृष्ट एवं सबल रुपमा संचालन गरी लगानीकर्ताहरुको हितको संरक्षण गर्दै आएको छ । यसका साथै, पुनर्बीमा कम्पनीमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमहरुको पहिचान गरि प्रभावकारी रुपमा नियन्त्रण गर्न समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ । साथै, ठूला जोखिमहरु वहन गर्नुपूर्व स्थलगत निरिक्षण गरी जोखिमको विश्लेषण गर्ने गरिएको छ । पुनर्बीमा तथा लगानीसँग सम्बन्धित जोखिमहरु, कुनै पनि व्यवसाय गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र नगद व्यवस्थापन, कार्यसंचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता पुनर्बीमाको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई पुनर्बीमा कम्पनीले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ । जोखिम व्यवस्थापनका लागि पुनर्बीमा कम्पनीले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :
- जोखिम र प्रतिफल बीच सन्तुलन
- अनुशासित र संयमित जोखिम वहन
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृति पश्चात् मात्र जोखिम ग्रहण तथा सोको व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

कम्पनीले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् । यसर्थ उल्लेखित विधिहरुले पुनर्बीमा कम्पनीको जोखिमलाई पूर्ण रुपमा निर्मूल पार्न नसकेतापनि न्यूनीकरण गर्न सफल हुने विश्वास लिएका छौं । साथै, यस कम्पनीको भौतिक सम्पत्तिहरुको जोखिम वहन गर्न गरी कुल बीमाङ्क रु.५,०५,१६,१११।५६ शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडबाट बीमा गरिएको छ ।

क्र.सं.	बीमालेखको प्रकार	बीमालेख शुरु मिति	बीमालेख समाप्ति मिति	बीमा गरिएको रकम (रु.)	प्रिमियम भुक्तानी गरिएको रकम (रु.)	बीमा कम्पनीको नाम
१.	स्कुटर बा. प्रदेश ०२ ०३३ प ६७५९	१८/१२/२०२२	१७/१२/२०२३	२,५२,६०५।००	४,९५८।१६	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
२.	कार बा. प्रदेश ०१ ०२५ च १६२७	०७/०९/२०२३	०६/०९/२०२४	८७,४०,०००।००	७३,५११।६४	
३.	कार प्रदेश ३ ०१ ०२५ च १६२८	०७/०९/२०२३	०६/०९/२०२४	८२,४४,१५०।००	६९,५०८।३५	
४.	कार प्रदेश ३ ०१ ०२६ च २८८८	१६/११/२०२२	१५/११/२०२३	९६,९९,०००।००	१०१,६८१।५२	
५.	कार प्रदेश ३ ०१ ०२७ च ७७०५	२२/०८/२०२३	२१/०१/२०२४	७५,००,०००।००	७९,३४८।६०	
६.	सम्पत्तिहरु (फर्निचर, उपकरणहरु, आदि)	०७/०९/२०२३	०६/०९/२०२४	६९,७१,५१८।७८	१४,५९६।५६	
७.	बिजुली उपकरणहरु	०७/०९/२०२३	०६/०९/२०२४	९१,०८,८३७।७८	९९,३४९।९२	

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : सर्वसाधारणकोलागि रु.१००/- प्रति शेयरमा प्रिमियम वापत रु.१०६/- थप गरी प्रति शेयर रु.२०६/- कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबारको मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
सर्वसाधारण शेयरधनीहरुको सम्बन्धमा : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी, निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरीदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्तासे प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरीद गर्नेछ ।
नोट : कर्मचारीहरुलाई निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ ।

२. **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरिदिनेछ ।

३. **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
सर्वसाधारणको हकमा : सर्वसाधारणहरुबाट सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागु हुने छैन ।

४. **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरिने नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेका शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

५. **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण:**
हालसम्म नेपाल स्टक एक्सचेन्जमा सूचीकरण भैसकेको ।

६. **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
हालसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भई नसकेको हुँदा यस सार्वजनिक निष्काशन गरिने शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचीकरण तथा दर्ता गराई शेयर खरीद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

क्रमशः पेज नं. ....

क्रमशः पेज नं. .... बाट

१७. प्रत्याभूति सम्बन्धी विवरण :

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने ३,००,००,००० कित्ता साधारण शेयरको लागि रु.६,२४,००,००,०००/- (अक्षरेपी छ अर्ब चौबीस करोड रुपैयाँ मात्र) रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीद्वारा प्रदान गरिएको छ ।

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूत शेयर कित्ता	प्रत्याभूत गरिएको रकम (रु.)
१.	एनआईएमबि एस क्यापिटल लिमिटेड	२,९८०,७७०	६२०,०००,१६०/-
२.	प्रभु क्यापिटल लिमिटेड	९,६१५,३८४	१,९९९,९९९,८७२/-
३.	नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड	२,९८०,७७०	६२०,०००,१६०/-
४.	नबिल सेक्युरिटिज लिमिटेड	१४,४२३,०७६	२,९९९,९९९,८०८/-
	जम्मा	**३,००,००,०००**	**६,२४,००,००,०००/-**

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिन सक्नेछन् ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
   (क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   (ख) आवेदकको नाम, थर, ठेगाना, नागरिता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ।
   (ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   (घ) खरीद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   (ङ) खरीद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   (च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम ।
   (छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरीदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ ।
१४. शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१५. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ३,००,००० (तीन लाख) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।
१६. रु.५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु.५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

(१) यस पुनर्बीमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. १, काठमाडौं र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
(२) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम रु.१०६/- थप गरी जम्मा रु.२०६/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ वा मेरो शेयर मार्फत दरखास्त दिन सकिनेछ ।
(३) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता र अधिकतममा १० अङ्कको गुणाङ्कमा ३,००,००० (तीन लाख) कित्तासम्म शेयर खरीद गर्नकालागि दरखास्त दिन सकिनेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण : सर्वसाधारणको लागि शेयरको सार्वजनिक निष्काशन (Initial Public Offering) बाट प्राप्त हुने पूँजीको उपयोग हिमालयन रिइन्स्योरेन्स लिमिटेडको निर्दिष्ट कार्य योजना अनुरुप गरिनेछ । पुनर्बीमाले तय गरेको आफ्नो लक्ष्यलाई हासिल गर्नको निम्ति नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम र अन्य नियम कानून अनुसार नै विभिन्न क्षेत्रमा लगानीका लागि पूँजीको उपयोग गरिनेछ, जुन देहाय अनुसार रहेको छ :

क्र.सं.	विवरण	रकम (रु.)
१.	नेपाल सरकारको ऋणपत्र/विकास ऋणपत्र	६८,६००,०००/-
२.	वाणिज्य बैंकको मुद्दती निक्षेपमा	३,५०३,९००,०००/-
३.	विकास बैंकको मुद्दती निक्षेपमा	३४३,०००,०००/-
४.	वित्त कम्पनीको मुद्दती निक्षेपमा	१७१,५००,०००/-
५.	पब्लिक लिमिटेड कम्पनीको डिबेञ्चर तथा शेयर	३४३,०००,०००/-
६.	घर जग्गा कार्यालय प्रयोजनको लागि	१,५००,०००,०००/-
७.	इन्भेष्टमेन्ट कम्पनी	२५०,०००,०००/-
	जम्मा	६,१८०,०००,०००/-

२१. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र पाइने स्थानहरु:
१.	हिमालयन रिइन्स्योरेन्स लिमिटेड, महाराजगञ्ज, काठमाडौं र वेबसाइट www.himalayanre.com
२.	एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं र वेबसाइट www.nmbcl.com.np
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:
१.	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	NMBCL-HRIL-BTI-2080/81	९९००००५४०१००२०३९

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालना अधिकृत श्री मनिप अधिकारीलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४५३७९६३ (एक्सटेन्शन: १२३) मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL
एनएमबि क्यापिटल

एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६३
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np